# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# देवढोका, कीर्तिपुर
# सुची दर्ता सम्बन्धी सुचना
## प्रथम पटक प्रकाशित मितिः- २०७८/०४/२१

यस कार्यालयका लागि आ.ब.२०७८/०७९ मा आवश्यक पर्ने तपशिल बमोजिमको कार्य गर्न सार्वजनिक खरिद ऐन,२०६३, नियमावली २०६४, परिच्छेद ३ को नियम १८ मा व्यवस्था भए अनुसार मौजुदा सुचि (Standing List) दर्ताका लागि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र ( १५ औं दिन विदा परेमा सो को भोलिपल्ट रु ११०) दर्ता शुल्क तिरी प्रत्येक सेवा तथा कार्यको लागि छुट्टा छूट्टै निवेदन सहित आपुर्ति गर्ने सामानको स्पेसिफिकेशन, संख्या, इकाई, दररेट लगायत अन्य सान्दर्भिक विषय समेत खुलाई खामबन्दी दर्ता गराउनुहुन सम्बन्धी सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**<u>तपशिल:</u>**

१. स्टेशनरी, मसलन्द, पत्र पत्रिका तथा पुस्तक आपुर्ति।
२. फोटोकपी तथा व्याण्डिङ्ग, टाईप, प्रिन्ट आदि सम्बन्धी कार्य ।
३. छपाई सम्बन्धी सम्पुर्ण कार्य ।
४. फर्निचर तथा फर्निसिङ्गका सामान आपुर्ति र मर्मत संभार ।
५. परामर्श सेवा तथा सेवा करार सम्बन्धी सेवा ।
६. विज्ञापन तथा सूचना सम्बन्धी कार्य ।
७. विभिन्न विषयगत सफ्टवेयर सम्बन्धी कार्य ।
८. ईलेक्ट्रोनिक्सका सम्पुर्ण सामानहरु कम्प्युटर,प्रिन्टर, फोटोकपि मेसिन, ब्याट्री,यु.पी.एस. तथा विद्युतीय सामानहरु मर्मत संभार तथा आपुर्ति।
९. भौतिक संरचनाको मर्मत सेवा तथा रंग रोगन सम्बन्धी ।
१०. ईन्धन आपुर्ति ।
११. सवारी साधन आपुर्ति, मर्मत संभार तथा पार्टपुर्जा आपुर्ति। (सवारी साधनको मर्मत दररेट, सर्भिसिङ दररेट र समय समयमा फेरिरहनु पर्ने सामान तथा पार्टपुर्जाको दररेट सहित पेश गर्नुपर्नेछ।)
१२. ईलेक्ट्रिकल तथा हार्डवेयरका सम्पुर्ण सामानहरु आपुर्ति ।
१३. मेशिन तथा उपकरणहरु आपुर्ति ।
१४. सरसफाई सम्बन्धी सामाग्री आपुर्ति ।
१५. भौतिक निर्माण सम्बन्धी कार्य ।
१६. स्वास्थ्य सेवा संग सम्बन्धीत वस्तु, सेवा, औषधी, उपकरण, केमिकल्स आदिको आपुर्ति।
१७. कृषि तथा पशुपक्षीसंग सम्बन्धीत वस्तु, सेवा, औषधी, उपकरण, केमिकल्स आदिको आपुर्ति।
१८. उल्लेखित सुचीमा समावेश नभएका तर नगरपालिकासंग सम्बन्धीत वा आपुर्तिकर्ताले आपुर्ति गर्न चाहेको अन्य वस्तु तथा सेवाको आपुर्ति ।
१९. कार्यालयले आवश्यक ठानेमा प्रचलित कानून बमोजिम यस सूचनाको म्याद समाप्त भए पछि समेत सूचिकृत गर्न सक्नेछ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

**क) व्यवसाय संचालन ईजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपी ।**
**ख) स्थायी लेखा नम्बर प्रमाणपत्र र मुल्यअभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।**
**ग) आर्थिक वर्ष २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।**

**पुनश्च: प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । सूचीकृत गर्दा आपुर्ति गरिने वस्तु/सेवाको दररेट समेत पेश गर्नुपर्नेछ र पेश भएको दररेटका आधारमा न्युनतम दररेटलाई आधार मानी खरिद प्रकृया अगाडि बढाईनेछ ।**

**कीर्तिपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**नयाँबजार,काठमाडौ ।**